कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम काम कारोवार गर्न इजाजतपत्र प्राप्त

# समाज लघुवित्त वित्तीय संस्था लिमिटेड

## Samaj Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था
(३ जिल्ला कार्य क्षेत्र भएको)

केन्द्रीय कार्यालय मलंगवा १०, सर्लाही
फोन न. ०४६५२१७९५
इमेलः samajlbsl@gmail.com वेभसाइटः www.samajlaghubitta.org.np

# विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | **०७३/७४** | **०७४/७५** | **०७५/७६** | **०७७/७८** | **०७८/७९** | **०७९/०८०** |
| प्रति शेयर आम्दानी (EPS) | (३.४०) | (१८.६६) | (१८.६८) | २३.०० | २२.२३ | २२.८३ |
| प्रति शेयर नेटवर्थ | ९१.८५ | ८५.८२ | ६७.१४ | १०२.३६ | १२४.५८ | १४७.४१ |

कम्पनीले आफ्नो जारी पुँजी रु.२,००,००,०००/-(अक्षरेपी दुई करोड मात्र) मध्ये ४३% अर्थात रु. ८६,००,०००/-(अक्षरेपी छयासी लाख) रकम बराबर प्रति शेयर रु.१००/– अङ्कित दरका ८६,००० कित्ता मध्ये १,००० कित्ता अर्थात जारी पुँजीको ०.५% शेयर कर्मचारीहरुलाई र ४,३०० कित्ता अर्थात कुल निष्काशनको ५% शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरिएको र बाँकी ८०,७०० कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको ।

**दरखास्तसाथ प्रति शेयर रु.१००/– को दरले (शतप्रतिशत भुक्तानी माग गरिएको)**

**लगानीमा हुने जोखिमसम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धि निर्णय लिन सुझाव गरिन्छ ।

यस लघुवित्त वित्तीय संस्थालाई कियर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP B+ (Is) [Single B Plus (Issuer)]" रेटिङ्ग प्रदान गरेको छ। (Issuers with this rating are considered to offer high risk of default regarding timely servicing of financial obligations, in Nepal) सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२ (ण) मा उल्लेख गरिएको छ।

रेटिङ्ग प्रदान गरेको मिति : जुलाई २४ २०२०, रेटिङ्ग बहाल रहने अवधि : रेटिङ्ग प्रदान गरिएको मितिले १ वर्ष

**नियमन निकायको जवाफ देहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो । यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्र स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा स्वीकृति प्राप्त मिति २०७७/०४/२१
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता मिति २०७७/०४/२५
धितोपत्र निष्काशन खुल्ला मिति : २०७७/०५/०४
धितोपत्र निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७७/०५/०८
धितोपत्र निष्काशन बन्द हुने मिति (अन्तिम) : २०७७/०५/१८

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :**

Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**

पो.व.नं.२१२००, नारायणचौर, नक्साल काठमाण्डौ,
फोन नं. ४४२०९२४/४४२०९२५ ,फ्याक्स नं ४४२०९२९
इमेलः scl@siddharthacapital.com
वेव साइटः www.siddharthacapital.com

## ख.१. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं सम्झनु पर्दछ ।

ग) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी समाज लघुवित्त वित्तीय संस्था लिमिटेड, मंलगवा १०, सर्लाही सम्झनु पर्दछ ।

घ) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर सम्झनुपर्छ ।

ङ) "संकलन केन्द्र" भन्नाले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम धितोपत्रको दरखास्त संकलन गर्न अनुमति प्राप्त बैंक तथा वित्तिय संस्थाहरु र तिनका शाखा कार्यालयहरु सम्झनु पर्दछ ।

च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्दछ ।

छ) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन" भन्नाले समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन सम्झनु पर्दछ ।

ज) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

झ) "वित्तिय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिबर्तनको विवरण र लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

## ख.२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

**विवरणपत्र पाइने स्थानहरु:**

१. सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।
२. समाज लघुवित्त वित्तीय संस्था लिमिटेड, मंलगवा १०, सर्लाही ।

साथै निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.siddharthacapital.com, र निष्काशनकर्ता कम्पनीको वेभसाइट www.samajlaghubitta.org.np, वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

**ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई कम्पनी तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानीसम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Deligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण :**

**ग.२.क. संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस समाज लघुवित्त वित्तीय संस्था लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन व्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय आदी) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

**ग.२.घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस संगठित संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
(२) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हितविपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।
(५) यस संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नाम :** समाज लघुवित्त वित्तीय संस्था लिमिटेड **(SAMAJ LAGHUBITTA BITTIYA SANSTHA LIMITED)**

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय सर्लाही जिल्ला मलंगवा नगरपालिका वडा नं. १०, सर्लाही मा रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान :** यस वित्तीय संस्थाको कारोवार स्थान ३ जिल्ला सर्लाही, महोत्तरी र धनुषा जिल्ला भरि हुनेछ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस वित्तीय संस्थाले आफ्नो कार्यक्षेत्र भित्रमा शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ । यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले स्वीकृत गरेअनुसार देहायका स्थानहरुमा रहेको शाखा कार्यालयहरुबाट आफ्नो कारोवार सञ्चालन गर्दै आएको छ :

| सि.नं. | शाखा कार्यालय | शाखा रहेको स्थानिय तह, जिल्ला र प्रदेश |
|---|---|---|
| १. | शाखा कार्यालय मलंगवा | मलगंवा नगरपालीका वडा नं. १०, सर्लाही, प्रदेश नं. २ |
| २. | शाखा कार्यालय सिसौट | रामनगर गा.पा. वडा नं. ६, सर्लाही, प्रदेश नं. २ |
| ३. | शाखा कार्यालय सोनमा | सोनमा गा.पा वडा नं. २, महोत्तरी, प्रदेश नं. २ |
| ४. | शाखा कार्यालय परौल | बलवा नगरपालीका वडा नं. ३, महोत्तरी, प्रदेश नं. २ |
| ५. | शाखा कार्यालय घोडघाँस | नगराइन नगरपालीका वडा नं.९, धनुषा, प्रदेश नं. २ |

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

**<u>कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :</u>**

समाज लघुवित्त वित्तीय संस्था २०७४/०१/२० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो । यस वित्तीय संस्थाले मिति २०७५/०१/०२ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरी मिति २०७५/०१/२० गतेका दिनदेखि औपचारिक रुपले कारोवार शुभारम्भ गरेको यस वित्तीय संस्थाको कार्य क्षेत्र सर्लाही, महोत्तरी र धनुषा जिल्ला रहेका छन् । यस वित्तीय संस्थाका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, ईन्जिनियरिङ्ग, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ । कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७६/११/२७ पत्रअनुसार आ.व. २०७५/७६ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था अद्यावधिक रहेको छ ।

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख भए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने ।

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा वाहय् स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषिक्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमुलक व्यवसायको स्थापना, सञ्चालन, विकास विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मदत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने,

(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु**
वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा लघुवित्त कार्यक्रम मार्फत सदस्यहरुको निक्षेप संकलन, कर्जा प्रवाह र सदस्यहरु तथा गैर सदस्यहरुलाई विप्रेषण भुक्तानी सेवा रहेका छन् ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :**
वित्तीय संस्था सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (१) मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न रहेको छ ।

(३) **कुनै व्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**
२०७५/०१/०२ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरी मिति २०७५/०२/२० गतेदेखि "घ" वर्गको ३ जिल्ला कार्यक्षेत्र भएको वित्तीय संस्थाको हैसियतले आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको यस वित्तीय संस्थाले आ.व. २०७५/०७६ को अन्तसम्मको वित्तीय विवरण अनुरुप वित्तीय संस्थामा निक्षेप रु. ६२,९९,७७७.१० र कर्जा प्रवाह रु. ५,०६,५४,२८२.५८ रहेको छ । यस समाज लघुवित्त वित्तीय संस्थाले नेपालको बैंकिङ्ग क्षेत्रमा आफ्नो छोटो सञ्चालन इतिहासमा ४ वटा शाखा कार्यालय स्थापना गरी संचालनमा ल्याउन सफल भएको छ ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**
समय सापेक्ष अनुसार लघुवित्तीय सेवाहरु (सदस्यहरमा लघु कर्जा प्रवाह र लघु बचत संकलन, विमा र विप्रेषण सेवा आदी) को विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**
वित्तीय संस्थाको प्रमुख बजार हाललाई सर्लाही, महोत्तरी र धनुषा जिल्ला रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउदै लैजाने वित्तीय संस्थाको लक्ष्य रहेको छ ।

(७) **उत्पादन/ सञ्चालन क्षमता र सोको उपभोग स्थिति :**
बैंक तथा वित्तीय संस्थामा लामो अनुभव हासिल गर्नु भएको सञ्चालक/व्यवस्थापन दक्षताको आधारमा यस वित्तीय संस्थाले स्थापनाको छोटो समयमा नै वित्तीय बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकहरुलाई राम्रो सेवा प्रदान गर्न सफल रहेको देखिन्छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**
सो नभएको ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**
बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी सेवा उद्योग एवम् व्यापार क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन समूह गग्रहकहरुको गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टिको लागि सदैव तत्पर रहेका छन् ।

(१०) **अनुसन्धान तथा विकास :**
नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमिमा वित्तीय संस्थाले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकता दिई सो कार्यका लागि वित्तीय संस्थाका उच्च पदाधिकारीको मातहतमा एउटा छुट्टै "योजना तथा अनुसन्धान" एकाई खडा गरिनेछ । जसले नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जनहरु गर्ने नयाँ सेवाहरुको उपयुक्तताका सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउनेछ । साथै वित्तीय संस्थाले ग्राहक वर्गमा नयाँ निक्षेपका योजनाहरु, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनीय नयां नयां प्रविधिको प्रयोग गरी आफ्ना ग्राहकहरुलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने सोच राखेको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :** सो नभएको ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**
वित्तीय संस्थाको हैसियतमा केवल करिब २ वर्ष पुरानो वित्तीय संस्था भएता पनि यस क्षेत्रमा सञ्चालित अन्य बैंक वित्तीय सँस्थाहरु बीच यस वित्तीय संस्थाको स्थिति मजबुत रहेको छ । यस वित्तीय संस्थाको सेवाहरु बीच प्रतिष्पर्धा भएतापनि आफ्नो छुट्टै पहिचान बनाउन सफल भई बजारमा आफ्नो स्थान ओगट्न सफल भएको छ । यस वित्तीय संस्थामा सदस्यमैत्री बचतहरु रहेको र त्यसमा प्रदान गरीने ब्याजदर समेत अन्य वित्तिय संस्थाहरुको तुलनामा बढि भएको, वित्तिय संस्थाको जम्मा कर्जा लगानीको १८.९६% बचत रहेकोले वित्तीय संस्थाको हाल सम्मको छोटो

समयमा पनि १५% भन्दा माथी कर्जामा बचत संकलन दर रहेकोले स्थानिय बजारमा हाम्रो उपस्थीतिलाई झलकाउछ । प्रदेश नं. २ मा अन्य समान प्रकितीको वित्तीय संस्थाहरुको संख्या करीव ५० देखी ६० रहेको छ । जसमध्ये केन्द्रीय कार्यालय नै रहेकोहरुको संख्या भने करीब १० देखि १२ छन् । ती संस्थाहरुमा करीब करीब १० लाख देखी १ करोड सम्मको खराब कर्जा देखिएको छ भने यस वित्तीय संस्थामा कमसल, शंकास्पद र खराब कर्जा नरहेकोले वित्तीय संस्थालाई बजार प्रतिस्पर्धा गर्न सहज रहेको छ ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण)** : सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै- संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण)** : सो नभएको ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**
यो संस्था सेवा मूलक वित्तिय संस्था भएकोले यसको वस्तु उत्पादन गर्ने प्रकारको उपकरण (प्लान्ट) नरहेको तथा आ.व. २०७५/०७६ मा सम्पत्तिको विवरण देहाय बमोजिम रहेको छ ।

| विवरण | सम्पत्ति | | | | | | यस वर्ष रु. |
|---|---|---|---|---|---|---|---|
| | भवन | परिवहन साधन | मेशिनरी | कार्यालय सामान | लीज होल्ड सम्पत्ति | अन्य | |
| १. परलमोल | | | | | | | |
| (क) गत वर्षको मौज्दात | – | – | – | ६५५,२६७.१३ | – | – | ६५५,२६७.१३ |
| (ख) यस वर्ष थप | – | – | – | ४८५,१५७.०० | – | – | ४८५,१५७.०० |
| (ग) यस वर्ष पूनर्मुल्याकंन/पूनर्लेखन | – | – | – | – | – | – | – |
| (घ) यस वर्षको बिक्री | – | – | – | – | – | – | – |
| (ङ) यस वर्षको अपलेखन | – | – | – | – | – | – | – |
| **कुल (क+ख+ग+घ+ङ) परलमोल** | – | – | – | **१,१४०,४२४.१३** | – | – | **१,१४०,४२४.१३** |
| **२. ह्रासकट्टी** | | | | | | | – |
| (क) गत वर्ष सम्मको | – | – | – | ८९,०९५.५७ | – | – | ८९,०९५.५७ |
| (ख) यस वर्षको | – | – | – | १४६,१९४.०० | – | – | १४६,१९४.०० |
| (ग) ह्रासकट्टी पूनर्मुल्याकंन/पुनर्लेखन | – | – | – | – | – | – | – |
| (घ) ह्रासकट्टी रकम समायोजन/फिर्ता | – | – | – | – | – | – | – |
| **कुल ह्रास कट्टी** | – | – | – | **२३५,२८९.५७** | – | – | **२३५,२८९.५७** |
| **३. बूक भ्यालू (WDV*_(१ - २)** | – | – | – | **९०५,१३४.५६** | – | – | **९०५,१३४.५६** |
| ४. जग्गा | – | – | – | – | – | – | – |
| ५. पूंजीगत निर्माण (पूंजीकरण गरिनू पर्ने) | – | – | – | – | – | – | – |
| **जम्मा (३+४+५+६)** | **–** | **–** | **–** | **९०५,१३४.५६** | – | – | **९०५,१३४.५६** |

माथि उल्लेखित सम्पत्तिहरु चालु अवस्थामा रहेका तथा उक्त सम्पत्तिहरु वित्तीय संस्थाको मुख्य कार्यालय तथा शाखा कार्यालयहरुमा रहेका छन् ।

(ख) **बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने)** : सो नभएको ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** सो नभएको ।

(घ) **आर्थिक वर्ष समाप्त भए पश्चात विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्यबीच फरक भएमा सो को विवरण :**

वित्तीय संस्थाको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ र सोको पुनर्मूल्यांकन गरिएको छैन ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण :**

परलमोलमा नियमअनुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तीलाई सम्पत्तीको रुपमा राखिएको छ ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

वित्तीय संस्थाले आफ्नो व्यवसाय/सेवाको बृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन् ।

- आगामी दिनहरुमा आफ्ना शाखा विस्तारमा थप जोड दिने,
- यस वित्तीय संस्थाबाट सेवा लिई आयआर्जनमुलक कार्य गरी जीवनस्तर उकास्न लालायित सदस्यहरु समुहमा प्रवेश गराउन जोड दिई सदस्य संख्यामा बृद्धि ल्याउने,
- वित्तीय संस्थाले आफ्नो शाखा विस्तारको हिसावले निक्षेप संकलन तथा कर्जा प्रवाह गर्ने,
- भविष्यमा समेत ग्राहककहरुबाट माग भए बमोजिमका सेवा सुविधाहरु आफ्ना ग्राहक वर्गमा ल्याउन प्रयत्नरत रहेने,
- सेवा ग्राहीको संख्यामा वृद्धि गर्दै लगिने,
- संस्थागत रुपमा सलब बन्न तथा सदस्यहरुलाई थप सेवा सुविधा उपलब्ध गराउनको लागी मर्जर तथा प्राप्तीको सम्भावनाको खोजी गर्ने आदी,

**(ख) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

देशको बैंकिङ्ग क्षेत्रमा हाल प्रतिष्पर्धा अत्याधिक रहेको छ र सोही कारणले गर्दा यस वित्तीय संस्थाले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न विभिन्न रणनीतिका साथ अघि बढेको छ । वर्तमान आर्थिक, राजनैतिक र बैकिंङ्ग प्रतिष्पर्धा बीच सफलताका साथ अगाडि बढ्न वित्तीय संस्थाले आफ्ना सेवा तथा कार्यक्रममा भिन्नता, शाखा विस्तारमा बैंक नभएका अर्ध शहरी र ग्रामीण क्षेत्रमा जोड, आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग सेवा जस्ता रणनीति अवलम्वन गरेर अगाडि बढिरहेको छ । उल्लेखित रणनीतिको कारण वित्तीय संस्था आफ्ना लगानीमा रहेको जोखिमहरु कम गर्न सक्षम रहेको छ र भविष्यमा वित्तीय क्षेत्रमा एक भिन्न क्षेत्र ओगट्ने कुरामा दृढ रहेको छ । यस वित्तीय संस्थाका सञ्चालक समिति लगायत व्यवस्थापन समिति तथा उच्च पदाधीकारीहरुमा लामो समयको बैकिङ्ग तथा लघुवित्तको अनुभव रहेकोले अन्य प्रतिष्पर्धी भन्दा पृथक किसिमले सहज तरीकाले सञ्चालन गर्न सक्ने क्षमता रहेको छ । हालसम्म यस वित्तीयले प्रक्षेपण गरेको बार्षिक बजेट तथा कार्यक्रम ९९ प्रतिशत हासिल गरेको साथै शत् प्रतिशत असुलीदर कायम राख्न सफल भएकोले विद्यमान आर्थिक स्थिति र समान किसिमको वित्तीय संस्थाको आधारमा यस वित्तीय संस्थाको भविष्य उज्जवल रहेको छ ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

समाज लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| समूह 'क' मा रहेका संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित | ४ (चार) जना |
| समूह 'ख' मा रहेका सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित | २ (दुई) जना |
| स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक | १ (एक) जना |

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

<u>**संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**</u>

यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको संचालक पदमा नियुक्त हनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा ५० कित्ता शेयर लिएको हुनुपर्नेछ ।

तर, स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**ग.४. पुँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पुंजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण :**

**अधिकृत पूँजी :** वित्तीय संस्थाको अधिकृत पूँजी रु. ४,००,००,०००/- (अक्षरेपी चार करोड) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले ४,००,००० (चार लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।
**जारी पूँजी :** वित्तीय संस्थाको तत्काल जारी पूँजी रु. २,००,००,०००/- (अक्षरेपी दुई करोड) रहेको छ। उक्त पूँजीलाई रु.१००/– का दरले २००,००० (दुई लाख) थान शेयरमा विभाजन गरिएको छ।
**चुक्ता पूँजी :** वित्तीय संस्थाको हाल चुक्ता पूँजी रु. १,१४,००,०००/- (अक्षरेपी एक करोड चौध लाख) रहेको छ जसलाई रु.१००/– का दरले १,१४,००० (एक लाख चौध हजार) थान शेयरमा विभाजन गरिएको छ।
यस विवरणपत्र मार्फत सर्वसाधारणलाई रु. ८६,००,०००/- (अक्षरेपी छयासी लाख) रकम बराबरको शेयरको निष्काशन पश्चात् संस्थाको चुक्ता पूँजी रु. २,००,००,०००/- (अक्षरेपी दुई करोड) हुनेछ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

| **पूँजी सम्बन्धी विवरण** | **२०७३/०७४** | **२०७४/०७५** |
|---|---|---|
| अधिकृत पूँजी | ४,००,००,००० | ४,००,००,००० |
| जारी पूँजी | २,००,००,००० | २,००,००,००० |
| चुक्ता पूँजी | ५,७००,००० | १,१४,००,००० |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| **समूह** | **शेयरधनीहरु** | **साधारण शेयर संख्या** | **पूँजी प्रतिशत (%)** | **चुक्ता रकम** | **भुक्तानी प्रतिशत** |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | १,१४,००० | ५७ | १,१४,००,००० | **शतप्रतिशत** |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | ८६,००० | ४३ | ८६,००,००० | निष्काशन पश्चात शतप्रतिशत हुन |
| | **जम्मा** | २,००,००० | **१००** | **२,००,००,०००** | " |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) :सो नभएको।**
निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको।

**ग.५. संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**
**आधारभुत शेयरधनिहरुको विवरण**

| **क.सं.** | **नाम, ठेगाना** | **पद** | **उमेर (वर्ष)** | **राष्ट्रियता** | **शेयर स्वामित्व (कित्ता)** | **शैक्षिक योग्यता** | **अनुभव (पूर्व र हाल कार्यरत)** |
|---|---|---|---|---|---|---|---|
| १. | श्री सरोज कुमार महतो | सञ्चालक | ४४ | नेपाली | १२,००० | बि.कम. | १५ बर्ष देखी चमेली गला भण्डारको प्रोप्राइटर भई सञ्चालन गरेको अनुभव |
| २. | श्री जितु महतो | संस्थापक | ४३ | नेपाली | ६,००० | बि.एससी. | लेखापरिक्षक पेशामा १५ वर्ष कार्य गरेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | डा. सुरेन्द्र कुमार यादव | संस्थापक | ४८ | नेपाली | १०,००० | एम.डी | १० वर्ष सरकारी तथा १० वर्ष प्राइभेट नर्सिङ्ग होमको कार्यअनुभव |
| ४. | श्री सन्तोषी महतो | संस्थापक | ४८ | नेपाली | ६,००० | बि.एड. | २० वर्ष एलआसीको एजेन्ट रही कार्य गरेको |
| ५. | श्रीमती सावित्री महतो | संस्थापक | ४४ | नेपाली | २८,००० | एसएलसी | गृहिणी |

**संचालकहरुको विवरण**

| क्र.सं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | व्यापार/व्यवसाय | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री दिलिप कुमार धौभडेल, सिराहा | अध्यक्ष | ६४ | नेपाली | २,००० | एमएसी | नभएको | कृषि विकास बैंक लिमिटेडमा १६ बर्ष शाखा अधिकृत (७ तह), ११ बर्ष शाखा प्रमूख (९ तह) भई जम्मा २७ वर्षको कार्यानुभव । |
| २. | श्री हरि नारायण महतो, धनुषा | सञ्चालक | ६५ | नेपाली | २,००० | बिएससी | नभएको | नेपाल सरकारको जलश्रोत मन्त्रालयमा हाइड्रोलोजिकल इन्जीनियरमा २५ बर्ष, विज्ञान तथा प्रविधि मन्त्रालयमा हाइड्रोलोजिकल इन्जीनियर भई १० बर्ष, गरी जम्मा ३५ बर्षको कार्यानुभव |
| ३. | श्री महेश कुमार पूर्वे, मोरङ्ग | सञ्चालक | ५५ | नेपाली | २,००० | बि.कम. | नभएको | विशाल ग्रुपमा लेखा अधिकृत भई ५ बर्ष, राठ्ठी ग्रुपमा लेखा अधिकृत भई ७ बर्ष, केएल डुगर ग्रुपमा लेखा अधिकृत भई ८ बर्ष गरी जम्मा २० बर्षको कार्यानुभव |
| ४. | श्री सरोज कुमार महतो, सर्लाही | सञ्चालक | ४४ | नेपाली | १२,००० | बि.कम. | चमेली गला भण्डार, सर्लाही | १५ बर्ष देखी चमेली गला भण्डारको प्रोप्राइटर भई सञ्चालन गरेको अनुभव |
| ५. | श्री विनय राज पौड्याल, काठमाडौं | स्वतन्त्र सञ्चालक | ६३ | नेपाली | - | बिएल | नभएको | कृषि विकास बैंक लिमिटेडमा १७ बर्ष कानुन अधिकृत (७ तह), १० बर्ष शाखा प्रमूख (९ तह) गरी जम्मा २७ वर्षको कार्यानुभव । |

(ख) **संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**
सो नभएको ।

(ग) **संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री सरोज कुमार महतो, सर्लाही | चमेली गला भण्डार, सर्लाही |

**नोट :** यस लघुवित्त वित्तीय संस्थाको संचालकहरुको सम्बन्धमा "सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" को व्यवस्थाहरु तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पालना भएको छ ।

(घ) **संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

(ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

(ग) वित्तीय संस्थाले कारोवार संचालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर विक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर विक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोवार संचालन गरेको पाँच वर्ष नपुगे तापनि वित्तीय संस्थाको संचालनमा कुनै वाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरीद विक्री गर्न सकिनेछ ।

तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरुलाई दिनु पर्नेछ । यसरी शेयर विक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

(घ) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंशवण्डा भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागू हुने छैन ।

(ङ) सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम १० कित्ता शेयर वा अधिकतममा ५,००० कित्ता शेयर खरीद गर्नको लागि निवेदन गर्न सक्नेछ ।
तर हकप्रद शेयर र बोनस शेयरको हकमा सो बन्देज लागू हुने छैन ।

(च) वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा वहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म सम्बन्धित वित्तीय संस्थाको वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरीद विक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लागनउ वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुदैन ।
तर, नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिबन्ध लागू हुने छैन ।

(छ) कसैले खण्ड (च) को विपरित काम गरेमा त्यस्तो शेयर वित्तीय संस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट विक्री वितरण गर्न सक्नेछ ।

(ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून, धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

सर्वसाधारण शेयरधनी समूह बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर संगठित संस्थाले सार्वजनिक निष्कासन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने

छैन । वित्तिय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफनो शेयर बिक्री वा धितोबन्धक राख्न पाउनेछैन ।

**ग.५.ख. संस्थापक/संचालक सँगको कारोबार :**

(क) **संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मुल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :**

सो नभएको ।

(ख) **बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग.६. सीमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस वित्तीय संस्थाको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

**ग.७ संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग.७.क. संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | कार्यानुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री किशोरी महतो | प्रमुख कार्यकारी अधिकृत | एमएससी, बिएल | २०७५/०१/०१ | कृषि विकास बैंक लिमिटेडमा २८ वर्षको कार्यानुभव । | २,००० |
| २. | श्री रोशन गुरुङ्ग | बरिष्ठ प्रबन्धक | एमए, बिबिएस | २०७५/११/२० | छिमेक लघुवित्त वित्तीय संस्थामा ४.५ वर्ष, आदर्श सहकारीमा १ वर्ष मुक्तिनाथ विकास बैंक लिमिटेड २ वर्ष , समता लघुवित्त वित्तीय संस्था लिमिटेडमा ५ वर्ष , समाज लघुवित्त संस्थमा १ वर्षको कार्यानुभव गरी जम्मा १३.५ बर्षको अनुभव | - |
| ३. | श्री सन्तोष प्रसाद कुशुवाहा | बरिष्ठ सहायक | प्लस टु | २०७६/१०/१५ | स्वरोजगार लघुवित्त वित्तीय संस्थामा १.५ वर्ष, वोमी लघुवित्त वित्तीय संस्था, जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेड ११ महिनाको कार्यानुभव | - |

*नोट : उल्लेखित कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभुत शेयरधनी नरहेको तथा उनिहरुको अन्य कुनै संगठित संस्थामा लगानी नरहेको ।*

(ख) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** नभएको ।

(ग) **कर्मचारी संख्या :**

| कुल कर्मचारी संख्या | स्थायी | अस्थायी (परीक्षणकाल /पशिक्षार्थी) | करार | ज्यालादारी | अन्य |
|---|---|---|---|---|---|
| ३१ | ४ | २४ | २ | १ | - |

**ग.७.ख. संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

(क) **संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

कम्पनीको नियमावलीको व्यवस्था बमोजिम संचालकहरुको भत्ता तथा अन्य सुविधा :

१. दैनिक कार्य सञ्चालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न सञ्चालकले मासिक पारिश्रमिक रु. ५०,०००/- पाउनेछ र स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्तविक खर्च भएको रकमको आधारमा भुक्तानी दिनेछ ।

२. सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले र अन्य संचालकले पाउने प्रति बैंठक भत्ता रु. १,५००/- हुनेछ ।

३. वित्तीय संस्थाको कामको सिलसिलामा संचालककलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :

(अ) स्वदेशमा दैनिक भत्ता रु. २,०००/-

(आ) भारतमा दैनिक भत्ता भा.रु. २,५००/-

(इ) भारत वाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १००/-

(ई) भ्रमण भत्ता खर्च वास्तविक विल बमोजिम ।

नोटः हाल वित्तीय संस्था प्रमुख कार्यकारी अधिकृतलाई मासिक पारिश्रमिक वापत ३५,०००/- उपलब्ध गराउँदै आएको छ ।

(ख) **संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| क्र. सं. | कर्मचारीको नाम | पद | एक आर्थिक बर्षको अवधि भित्र पारिश्रमिक को रुपमा भुक्तान गरिएको रकम | अवधि |
|---|---|---|---|---|
| १. | श्री किशोरी महतो | प्रमुख कार्यकारी अधिकृत | ४,३३,११३/- | आ.व.०७५/०७६ |
| २. | श्री रोशन गुरुङ्ग | बरिष्ठ प्रबन्धक | १,०९,१६७/- | आ.व.०७५/०७६ |
| ३. | श्री सन्तोष प्रसाद कुशुवाहा | बरिष्ठ सहायक | - | २०७६/१०/१५ मा नियुक्ति भएको |

(ग) **कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** नरहेको ।

**ग.८. अर्न्तनिहित जोखीम तथा सो मा व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :**

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**

वित्तीय संस्थाको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् ।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- कर्जा लगानीमा अप्ठ्यारो पर्ने र निक्षेप रकमको भुक्तानी दिन समस्या पर्ने ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- सो नभएको ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

- नयाँ लघुवित्त संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।

- वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
- निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :**

- सो नभएको ।

**(ङ) विदेशी विनिमयको जोखिम :**

- सो नभएको ।

**(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :**

- सो नभएको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**

- देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

**(झ) सञ्चालन इतिहासको अभाव :**

- यस वित्तीय संस्थाले आफ्नो कारोवार २०७५/०१/२० गतेदेखि मात्र सञ्चालन गरेको हुँदा वित्तीय संस्थाको कारोवार सञ्चालनको इतिहास छोटो रहेको छ ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**

- प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । वित्तीय संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनका लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न वित्तीय संस्था सक्षम रहेको छ ।

**(ट) अन्य :**

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :**

वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ । वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौं ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

रु. १०० प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९. वित्तीय विवरण :**

**ग.९.क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

(क) **संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा(नोक्सान हिसाब, नाफा( नोक्सान हिसाब बाँडफाँट, नगद प्रवाह विवरण :**

यस कम्पनीको आ.ब.२०७५/०७६ को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँट हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

**वासलात (२०७६ आषाढ मसान्त)**

| पूँजी तथा दायित्व | (रु. हजारमा) |
|---|---|
| १. शेयर पूँजी | ११,४०० |
| २. जगेडा तथा कोषहरु | (३,७४६) |
| ३. ऋणपत्र तथा बन्ड | – |
| ४. तिर्न बाँकी कर्जा सापट | ४१,१५१ |
| ५. निक्षेप दायित्व | ६,३०० |
| ६. प्रस्तावित नगद लाभांश | – |
| ७. आयकर दायित्व | – |
| ८. अन्य दायित्व | ५४७ |
| **कुल पूंजी तथा दायित्व** | **५५,६५२** |
| **सम्पत्ति** | **(रु. हजारमा)** |
| १. नगद मौज्दात | १६ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | – |
| ३. बैक /वित्तीय संस्थामा रहेको मौज्दात | ३,८९४ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – |
| ५. लगानी | – |
| ६. कर्जा सापट | ५०,६५४ |
| ७. स्थिर सम्पत्ति | ९०५ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | – |
| ९. अन्य सम्पत्ति | १८३ |
| **कुल सम्पत्ति** | **५५,६५२** |

**नाफा- नोक्सान हिसाब (श्रावण १, २०७५ देखि आषाढ ३१, २०७६)**

| विवरण | (रु. हजारमा) |
|---|---|
| १. ब्याज आम्दानी | ३,९९६ |
| २. ब्याज खर्च | २,३४६ |
| **खुद ब्याज आम्दानी** | **१,६५०** |
| ३. कमिशन तथा अन्य संचालन आम्दानी | १,१९६ |
| ४. सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **२,८४६** |
| ५. कर्मचारी खर्च | २,२८० |
| ६. अन्य संचालन खर्च | २,२५७ |
| ७. सटही घटबढ नोक्सान | – |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **(१,६९१)** |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरु | ७६८ |
| **संचालन मुनाफा** | **(२,४५९)** |
| ९.गैर संचालन आम्दानी/खर्च | – |
| १०.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ३३० |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **(२,१२९)** |
| ११.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | – |

| | |
|---|---|
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | (२,१२९) |
| १२.कर्मचारी बोनस व्यवस्था | – |
| १३.आयकर व्यबस्था | – |
| यस  वर्षको कर व्यवस्था | – |
| विगत वर्षसम्मको कर व्यवस्था | – |
| यस वर्षको स्थगन कर आम्दानी/खर्च | – |
| **खुद नाफा/(नोक्सान)** | (२,१२९) |

**नाफा- नोक्सान बाँडफाँड हिसाब (श्रावण १, २०७५ देखि आषाढ ३१, २०७६)**

| **विवरण** | **(रु. हजारमा)** |
|---|---|
| **आम्दानी** | |
| १.गत वर्षसम्मको संचित मुनाफा | (१,६१७) |
| २.यस वर्षको मुनाफा | (२,१२९) |
| ३.सटही घटबढ कोष | - |
| **जम्मा** | (३,७४६) |
| **खर्च** | |
| १.गत वर्षसम्मो संचित नोक्सान | - |
| २.यस वर्षको नोक्सान | - |
| ३.साधारण जगेडा कोष | - |
| ४.भैपरी आउने जगेडा | - |
| ५.संस्था विकास कोष | - |
| ६.लाभांश समिकरण कोष | - |
| ७.कर्मचारी सम्बन्धी जगेडाहरु | - |
| ८.प्रस्तावित लाभांश | - |
| ९.प्रस्तावित बोनस शेयर | - |
| १०.विशेष जगेडा कोष | - |
| ११.सटही घटबढ कोष | - |
| १२.पुंजी फिर्ता जगडा कोष | - |
| १३.पुजी समायोजन कोष | - |
| १४.स्थगन कर जगेडा | - |
| १५.ग्राहक संरक्षण कोष | - |
| **जम्मा** | – |
| **संचित मुनाफा/(नोक्सान)** | (३,७४६) |

**नगद प्रवाह विवरण (श्रावण १, २०७५ देखि आषाढ ३१, २०७६)**

| विवरण | (रु. हजारमा) |
|---|---|
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | (३८,९६९) |
| **१. नगद प्राप्ति** | ५,१९२ |
| १.१ ब्याज आम्दानी | ३,९९६ |
| १.२ अपलेखित कर्जाको असूली | – |
| १.३ कमिशन तथा अन्य आम्दानी | १,१९६ |
| **२. नगद भुक्तानी** | ६,७३७ |
| २.१. ब्याज खर्च | २,३४६ |
| २.२ कर्मचारी खर्च | २,२८० |
| २.३ कार्यालय संचालन खर्च | २,११० |
| २.४ आयकर भुक्तानी | – |
| २.५ अन्य खर्च | – |
| **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | (३७,४२४) |
| **सञ्चालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि)** | (४३,८७५) |
| १. माग तथा अल्प सुचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | – |

| | |
|---|---|
| २. अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | - |
| ३. कर्जामा कमी/(बृद्धि) | (४३,८२९) |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | (४७) |
| **सञ्चालन सम्बन्धि चालु दायित्वमा कमी/(बृद्धि)** | **६,४५१** |
| १. निक्षेप दायित्वमा (कमी)/बृद्धि | ६,०९३ |
| २. अल्पकालीन सापटीमा (कमी)/बृद्धि | - |
| ३. अन्य दायित्वमा (कमी)/बृद्धि | ३५८ |
| **ख) लगानी कारोबारमा नगद प्रवाह** | **(४८५)** |
| १. दीर्घकालीन लगानीमा कमी/(बृद्धि) | |
| २. स्थिर सम्पतिमा कमी/(बृद्धि) | (४८५) |
| ३. दीर्घकालीन लगानीमा व्याज आम्दानी | - |
| ४. लाभाशं आम्दानी | - |
| ५. अन्य | - |
| **ग) वित्तीय कारोबारबाट नगद प्रवाह** | **४१,१५१** |
| १. दीर्घकालीन ऋण (बण्ड, डिबेञ्चर आदि) मा बृद्धि/(कमी) | |
| २. शेयर पूँजीमा बृद्धि/(कमी) | - |
| ३. अन्य दायित्वमा बृद्धि/(कमी) | ४१,१५१ |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा बृद्धि/(कमी) | - |
| **घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | **-** |
| **ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **१,६९७** |
| **च) नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | **२,२१३** |
| **छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **३,९१०** |

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :**

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७३/०७४ | आ.ब.०७४/७५ | आ.ब.०७५/७६ |
| १. शेयर पूँजी | ५,७०० | ११,४०० | ११,४०० |
| २. जगेडा तथा कोषहरु | (४६४) | (१,६१७) | (३,७४६) |
| ३. ऋणपत्र तथा बन्ड | - | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | - | - | ४१,१५१ |
| ५. निक्षेप दायित्व | - | २०७ | ६,३०० |
| ६. प्रस्तावित नगद लाभांश | - | - | - |
| ७. आयकर दायित्व | - | - | - |
| ८. अन्य दायित्व | ६८४ | १८९ | ५४७ |
| **कुल पूंजी तथा दायित्व** | **५,९२०** | **१०,१८०** | **५५,६५२** |
| **सम्पत्ति** | **वास्तविक (रु. हजारमा)** | | |
| | आ.ब. ०७३/०७४ | आ.ब.०७४/७५ | आ.ब.०७५/७६ |
| १. नगद मौज्दात | - | ९० | १६ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ५७० | - | - |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ५,३५० | २,१२३ | ३,८९४ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - |
| ५. लगानी | - | - | - |
| ६. कर्जा सापट | - | ७,२६४ | ५०,६५४ |
| ७. स्थिर सम्पत्ति | - | ५६६ | ९०५ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - | - | - |

| | | | |
|---|---|---|---|
| ९. अन्य सम्पत्ति | – | १३६ | १८३ |
| **कुल सम्पत्ति** | **५,९२०** | **१०,१८०** | **५५,६५२** |

**नाफा- नोक्सान हिसाब**

| विवरण | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| १. ब्याज आम्दानी | – | १५१ | ३,९९६ |
| २. ब्याज खर्च | – | १ | २,३४६ |
| **खुद ब्याज आम्दानी** | **–** | **१५०** | **१,६५०** |
| ३. कमिशन तथा अन्य संचालन आम्दानी | – | ९ | १,१९६ |
| ४. सटही घटबढ आम्दानी | – | – | - |
| **कुल संचालन आम्दानी** | **–** | **१५९** | **२,८४६** |
| ५. कर्मचारी खर्च | १५० | ३८१ | २,२८० |
| ६. अन्य संचालन खर्च | ३१४ | ८५७ | २,२५७ |
| ७. सटही घटबढ नोक्सान | – | – | – |
| **सम्भावित नोक्सनी व्यवस्था अधिको संचालन मुनाफा** | **(४६४)** | **(१,०७९)** | **(१,६९१)** |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरु | – | ७३ | ७६८ |
| **संचालन मुनाफा** | **(४६४)** | **(१,१५२)** | **(२,४५९)** |
| ९.गैर संचालन आम्दानी/खर्च | – | – | – |
| १०.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | – | – | ३३० |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **(४६४)** | **(१,१५२)** | **(२,१२९)** |
| ११.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | – | – | – |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **(४६४)** | **(१,१५२)** | **(२,१२९)** |
| १२.कर्मचारी बोनस व्यवस्था | – | – | – |
| १३.आयकर ब्यबस्था | – | – | – |
| यस वर्षको कर व्यवस्था | – | – | – |
| विगत वर्षसम्मको कर व्यवस्था | – | – | – |
| यस वर्षको स्थगन कर आम्दानी/खर्च | – | – | – |
| **खुद नाफा/(नोक्सान)** | **(४६४)** | **(१,१५२)** | **(२,१२९)** |

**नाफा- नोक्सान बाँडफाँड हिसाब**

| विवरण | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/७५ | आ.ब. ०७५/७६ |
| **आम्दानी** | | | |
| १.गत वर्षसम्मको संचित मुनाफा | – | (४६४) | (१,६१७) |
| २.यस वर्षको मुनाफा | (४६४) | (१,१५२) | (२,१२९) |
| ३.सटही घटबढ कोष | – | – | - |
| **जम्मा** | **(४६४)** | **(१,६१७)** | **(३,७४६)** |
| **खर्च** | | | |
